# स्थानीय राजपत्र

औरही गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८: औरही सिरहा मधेश प्रदेश नेपाल पौष ०९ गते २०८२ साल

भाग २

औरही गाउँपालिका सिरहा

***औरही गाउँपालिकाको कर्मचारी तह बृधि/स्तरबृधि/बढुवा सम्बन्धी कार्यविधि,२०८२***

**आज्ञाले**
देव शरण यादव
प्रमुख प्रशासकीय अधिकृत

# औरही गाउँपालिकाको कर्मचारी तह बृधि/स्तरबृधि/बढुवा सम्बन्धी कार्यविधि,२०८२

औरही गाउँपालिका गाउँकार्यपालिकाको विशेष गाउँसभाबाट स्वीकृत मिति २०८२/०९/०१ गते

**प्रस्तावना :**

औरही गाउँपालिका ,गाउँ कार्यपालिकाको कार्यालय साथै यस मातहतका सम्पूर्ण कार्यालयमा कार्यरत कर्मचारीहरु र कार्यालयको प्रभावकारी व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी बनाउन तथा स्थानीय सेवालाई सक्षम,सेवामुलक, सुशासनमुखी,उत्तरदायी,सहभागितामुलक र व्यवसायिक बनाउदै स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा तत्काल कानुनी व्यवस्था गरी औरही गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह बृधि/स्तर बृधि/बढुवा गर्न वान्छनीय भएकोले मधेश प्रदेश सरकारवाट जारी भएको **स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०८२**"को दफा १५५ बमोजिमको अधिकार प्रयोग गरी औरही गाउँपालिका गाउँ कार्यपालिकामा स्वीकृत गर्न यो कार्यविधि पेश गरेको छ|

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम : **औरही गाउँपालिकाको कर्मचारी तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धी कार्यबिधि २०८२"** रहेको छ|

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बिशेष गाउँसभाबाट पारित भई प्रमाणित भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ|

**२.परिभाषा :**

विषय वा प्रसड.ले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) ऐन" भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०८२ लाई सम्झनु पर्दछ|

(२) प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ|

(३) कार्यालय" भन्नाले औरही गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ|

(४) गाउँपालिका" भन्नाले औरही गाउँपालिका गाउँ कार्यपलिकालाई सम्झनु पर्दछ|

(५) कार्यपालिका" भन्नाले औरही गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ|

(६) कार्यपालिका सदस्य" भन्नाले औरही गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्दछ र सो शब्दले कार्यपालिकाको अध्यक्ष,उप-प्रमुख तथा वडा अध्यक्ष समेतलाई सम्झनु पर्दछ|

(७) अख्तियारवाला" भन्नाले ऐनको दफा १५ बमोजिम स्थानीय सेवामा नियुक्ति,पदस्थापन,तह बृधि/स्तर बृधि/बढुवा र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनु पर्दछ|

(८) अध्यक्ष" भन्नाले औरही गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पदर्छ|

(९) उपाध्यक्ष" भन्नाले औरही गाउँपालिकाको गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ|

(१०) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले औरही गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ|

(११) कर्मचारी" भन्नाले संघीय तथा प्रदेश सरकारबाट औरही गाउँपालिकामा खटी आएका स्थानीय सरकारी सेवाको पदमा वहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम समायोजन र नियुक्ति भएका कर्मचारीहरुलाई समेत जनाउंछ|

CamScanner

(१२) तह बृधि/स्तर बृधि/बढुवा" भन्नाले स्थानीय सेवा (गठन तथा संचालन ) ऐन, २०८२ को दफा ४ र २९/३० बमोजिम गरिने तह बृधि/स्तर बृधि/बढुवालाई सम्झनु पर्दछ।

(१३) तह मिलन" भन्नाले स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०८२ को दफा ८ को उपदफा २२,२३ बमोजिम गरिने तह बृधि/स्तर बृधि/बढुवालाई सम्झनुपर्छ।

(१४) प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ।

(१५) वडा अध्यक्ष" भन्नाले औरही गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(१६) सभा" भन्नाले औरही गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(१७) तह बृधि/स्तर बृधि/बढुवा सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

(१८) मन्त्रालय" भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ।

(१९) स्थानीय सेवा' भन्नाले स्थानीय सेवा(गठन तथा संचालन ) ऐन,२०८२ को दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सरकारी सेवा सम्झनु पर्दछ।

(२०) समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ सम्झनु पर्दछ।

(२१) किताबखाना" भन्नाले मधेश प्रदेशको निजामती किताबखाना सम्झनु पर्दछ।

(२२) रास्ट्रिय किताबखाना" भन्नाले रास्ट्रिय किताबखाना (निजामती) हरिहरभवन सम्झनु पर्दछ।

(२३) स्थायी पद" भन्नाले निबृतिभरण वा योगदानमुलक निबृतिभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ।

**३.तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धी व्यवस्था :**

ऐनको दफा ४ र दफा २९ र ३० को उपदफा १ र २ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह बृधि/स्तरबृधि/बढुवा गरिनेछ।

**४.नियुक्ति तथा पदस्थापना :**

(१) प्रदेश लोक सेवा आयोगबाट नियुक्तिको सिफारिस लिई कार्यालयमा आएको कर्मचारीलाई अख्तियारवालाले नियुक्ति पदस्थापना तथा अवकाशको निर्णय गर्नेछ।

(२) ऐनको दफा २५ को उपदफा ११ बमोजिम ऐन प्रारम्भ हुनुभन्दा पहिले साविकको स्थानीय निकायमा नियुक्ति भई हाल स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई संघीय मामिला तथा सामान्य मन्त्रालयबाट दोहोरो सहमतिको आधारमा अर्को व्यवस्था नभएसम्मका लागि कामकाज गर्न खटाएको कर्मचारीहरुलाई आवश्यकता अनुसार प्रदेश सरकारले स्थानीय तहमा पदस्थापना गरिने व्यवस्था सम्झनु पर्दछ।

**५.सूचना प्रकाशन गर्ने :**

(१) कार्यविधिको अनुसूची-१ बमोजिम औरही गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह बृधि/स्तर बृधि/बढुवा मिलानको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेष्ठ र मङ्सिर महिनामा कम्तिमा ३० दिनको म्याद दिई दरखास्त आह्वान गरिनेछ।

**६.तह बृधि/स्तर बृधि/बढुवा सिफारिस समिति :**

(१) स्थानीय सेवा (गठन तथा संचालन ) ऐन,२०८२ को दफा ४ को उपदफा ६ र दफा २९ र ३० को उपदफा १ र २ बमोजिम औरही गाउँपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरु र स्वास्थ्यकर्मीको तह बृधि/स्तर बृधि/बढुवा गर्न ऐनको दफा २९ को उपदफा ५ बमोजिमको तह बृधि/स्तर बृधि/बढुवा सिफारिस समिति रहनेछ।

(२) कर्मचारीको तह बृधि/स्तर बृधि/बढुवाका लागि सिफारिस गर्न औरही गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष,प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना अधिकृत स्तरको कर्मचारी सदस्य र समितिको सदस्य सचिबमा प्रशासन शाखा प्रमुख गरी तिन सदस्य कर्मचारीहरुको सिफारिस समिति रहनेछ।

CS CamScanner

(३) उपदफा (२) बमोजिमको समितिको बैठकमा तह बृधि/स्तर बृधि/बढुवा हुने वाहेक तथा प्रदेश लोक सेवा आयोग र मन्त्रालयका कर्मचारीहरुलाई आमन्त्रीत सदस्यको रुपमा बोलाउन सकिनेछ।

(४) समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्नेछ।

(५) समितिको बैठक संचालन सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७. समितिको काम,कर्तव्य र अधिकार :**

(१) तह बृधि/स्तर बृधि/बढुवा सिफारिस समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) तह बृधि/स्तर बृधि/बढुवा प्रयोजनको लागि कार्यालयबाट प्रकासित सूचना बमोजिम पेश हुन आएमा आवेदकहरुको कागजातहरुको अध्ययन तथा विश्लेशन गर्ने ,

(ख) ऐनको दफा २९ र ३० को उपदफा १ र २ बमोजिम योग्यता पुगेका कर्मचारीको तह बृधि/स्तर बृधि/बढुवाका लागि निर्णय गर्ने ,

(ग) तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धमा कुनै दुंविधा भएमा प्रदेश लोक सेवा आयोगसँग परामर्श गर्ने।

**(८) दरखास्त दिनुपर्ने :**

(क) यस कार्यविधिको दफा ४ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तह बृधि/स्तर बृधि/बढुवाका लागि इच्छुक सम्भाव्य उम्मेदवारले अनुसूची -१ बमोजिमको ढाँचामा तह बृधि/स्तर बृधि/बढुवा सिफारिस समिति समक्ष देहायका प्रमाण संलग्न दरखास्त दिनु पर्नेछ।

(ख) शुरु नियुक्ति सम्बन्धी कागजातहरु,

(ग) बढुवा भएको भए सो सम्बन्धी कागजातहरु,

(घ) सेवा अबधी प्रमाणित भएको कागजातहरु,

(ङ) समायोजन भएको भए सो सम्बन्धी कागजातहरु,

(च) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकन फारमको सक्कल प्रति,

(छ) सेवा समुहसँग सम्बन्धित न्युनतम शैक्षिक योग्यताको प्रमाण-पत्रहरुको उम्मेदवार स्वयमले प्रमाणित गरेको प्रतिलिपि,

(ज) सेवा निरन्तर रहेको ,विभागीय कार्यवाही नपरेको र असाधरण विदामा नबसेको,

(झ) सेवाकालिन तालिम लिएको भए सोको कागजात,

(*)भौगोलिक क्षेत्रमा सेवा गरेको भए सोको कागजात,

(*) समितिले तोके बमोजिमका अन्य कागजातहरु।

**९.जाँचबुझ सम्बन्धी व्यवस्था :**

(१) दफा ७ बमोजिम दर्ता भएका दरखास्त तथा कागजात प्रमाणपत्रहरु दफा ६ बमोजिमको समितिले जाँचबुझ गर्नुपर्नेछ।

(२) उपदफा (१)बमोजिमको जाँचबुझ गर्दा कुनै उम्मेदवारको तह बृधि/स्तर बृधि/बढुवाका लागि आवश्यक पर्ने आधारभूत कागजात वा प्रमाण नपुगेको देखिएमा बढीमा ७ (सात) दिनको समय दिई छुटेका प्रमाण पेश गर्न समय दिनु पर्नेछ। तर उम्मेदवारले छुटेका कागजात वा प्रमाण समय भित्र पेश नगरेमा उक्त दरखास्तलाई समितिले मान्यता दिनेछैन।

**१०.सिफारिस गर्नुपर्ने :**

(१) दफा ८ बमोजिम कागजातको जाँचबुझ तह बृधि/स्तर बृधि/बढुवाको सूचनाको म्याद सकिएको ७ (सात) दिन भित्र पुरा गरि तह बृधि/स्तर बृधि/बढुवा गर्न योग्यता पुगेका उम्मेदवारलाई समितिले सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा कर्मचारीले तह बृधि/स्तर बृधि/बढुवा हुनु पूर्वको पदमा भएको स्थायी वा बढुवाको नियुक्ति अनुसारको शैक्षिक योग्यतालाई आधार मानी योग्यताक्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ।

CamScanner

**११. तह बृधि/स्तर बृधि/बढुवा लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वा तह बृधि/स्तर बृधि/बढुवा रोक्का हुने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको आवस्थामा दफा ६ बमोजिमको समितिले कर्मचारीहरुलाई तह बृधि/स्तर बृधि/बढुवाको लागि सिफारिस गर्ने छैन।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ,

(ख) तह बृधि/स्तर बृधि वा वढुवा रोक्का भएकोमा तह बृधि/स्तर बृधि वा वढुवा रोक्का अवधिभर ,

(ग) तलब बृधि रोक्का भएकोमा तलब बृधि रोक्का भएको अवधिभर ,

(घ) असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर ,

(ङ.) सेवा वा समुह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समुह परिवर्तन भएको मितिले तिन वर्षको अवधिभर ,

(च) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद् बाट नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

**१२. तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धी विशेष व्यवस्था :**

(१) ऐनको दफा ४ को उपदफा ६ बमोजिम यस ऐनमा अन्यत्र जुनसकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम साविक स्थानीय निकायमा सहायक तेस्रो,चौथो,पाँचौ र अधिकृत स्तर छैठो,सातौ,आठौ तहका कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई यो ऐन जारी हुँदाको वखत सम्म पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधी पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनु भन्दा पहिलो सम्बन्धित पद देखि नै ज्येष्ठता कायम हुने गरि अख्तियारवालाले एक तह स्तर बृधि/बढुवा गरि दिनेछ।

(२) ऐनको दफा ८ को उपदफा १४ बमोजिम सहायक चौथो तहका सहायक कम्पुटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई सहायक पाँचौं तहको कम्पुटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ।

(३) ऐनको दफा ८ को उपदफा २२ बमोजिम यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका वा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका अधिकृत छैठो तहका कर्मचारीहरुलाई नियुक्ति मिति देखि लागु हुने गरि अख्तियारवालाले सातौ तहमा तह मिलान गरी दिनेछ।

(४) ऐनको दफा ८ को उपदफा २३ बमोजिम यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा पाँचौ तहमा स्थायी नियुक्ति वा स्तरबृधि पाई पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधी पुरा गरी छैठो तहमा स्तरबृधि भई कार्यरत रहेको र सातौ तहका लागि आवश्यक शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई सातौ तह कायम गरी दिनेछ।

(५) कर्मचारी समायोजन ऐन २०७५ अनुसार स्थायी नियुक्ति पाई औरही गाउँपालिकामा कार्यरत वा समायोजन भएका कर्मचारीहरु मध्ये सहायक स्तर र अधिकृत स्तर कर्मचारीको हकमा ५ वर्ष अवधि पुरा गरेका आवश्यक शैक्षिक योग्यता पुगेका स्थायी कर्मचारीहरुलाई एक तह माथिको पदमा स्तरबृधि/बढुवा गरिनेछ।

**१३.सेवा /समुह /उप-समुह तथा पदनाम सम्बन्धी व्यवस्था :**

(१) ऐनको दफा ३ को उपदफा १ बमोजिमका सेवाहरु रहनेछन।

(२) स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा २९ को उपदफा १,२ र यस कार्यविधिको दफा १२ को उपदफा १,२,३,४ र ५ बमोजिम तह बृधि वा बढुवा गरिनेछ।

(३) सेवा समुहसँग मिल्दो पदमा पदस्थापन गरिनेछ।

**१४.ज्येष्ठता गणना सम्बन्धी व्यवस्था :**

(१) ऐनको दफा २८ को उपदफा १ बमोजिम तह बृधि वा वढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ज्येष्ठता गणना गर्दा तह बृधि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समुहको पदमा स्थायी नियुक्ति मितिबाट कायम हुने गरी सेवा अवधी गणना गरिनेछ।

CS CamScanner

(२) उपदफा १ बमोजिम जयेष्ठता कायम् गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम,सम्बन्धीत सेवा समुहको पदमा स्थायी सेवा गरेको अवधी र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।

**१५.तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धी पत्र र जानकारी दिनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम तह बृधि/स्तर बृधि/बढुवा भएका कर्मचारीहरुलाई दरखास्त दिने अन्तिम मितिको ३०(तिस) दिन भित्रमा सिफारिस समितिले अनुसूची -३ बमोजिमको ढाँचामा तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धी पत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको तह बृधि/स्तर बृधि/बढुवाको पत्र दिएको मितिले १५ दिन भित्र मन्त्रालय,प्रदेश लोक सेवा आयोग,प्रदेश निजामती किताबखाना,कर्मचारी संचयकोष,को.ले.नि.का.गाउँपालिका प्रशासन शाखा ,गाउँपालिकाको आर्थिक प्रशासन शाखामा जानकारी गराउनु पर्नेछ।

**१६. पदनाम दिइने :**

पाँचौ तहका लागि निर्धारित शैक्षिक योग्यता हासिल गरी पाँचौ वा छैठो तहमा तह बृधि भएका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई सम्बन्धित समुहको पदनाम दिई पाँचौ तहमा तह मिलान गरिनेछ र सातौ तहमा तह बृधि/स्तर बृधि वा बढुवा भएका कर्मचारीहरुलाई जन स्वास्थ्य अधिकृत पदनाम दिई सातौ तहमा तह मिलान गरिनेछ।

**१७. तह बृधि/स्तर बृधि/बढुवा भएका कर्मचारीहरुको सेवा सुविधा :**

(१) यस कार्यविधि बमोजिम तह बृधि/स्तर बृधि/बढुवा भएका कर्मचारीले तह बृधि/स्तर बृधि/बढुवा ज्येष्ठता लागु हुने मितिबाट मात्र सेवा सुविधा प्राप्त गर्नेछ।

(२) तहबृधि/स्तरबृधि/बढुवा भएका कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलन गरिनेछ।

(३) तह बृधि/स्तर बृधि/बढुवा भएका कर्मचारीको सेवा निबृत वा अवकाश हुँदा वापतको सेवा सुविधा प्रचलित कानुन बमोजिम हुनेछ

(४) ऐनको दफा ४४ को उपदफा ६ बमोजिम तलब बृधि गर्दा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम थप गरिएको दुई ग्रेड तलब बृधि कर्मचारीले प्रचलित कानुन बमोजिम पाउने अधिकतम तलब बृधि संख्यामा समायोजन नगरी अतिरिक्त तलब वृद्धिको रुपमा प्रदान गर्नु पर्नेछ।

**१८.ज्येष्ठता कायम :**

तह बृधि/स्तर बृधि/बढुवा हुने कर्मचारीको ऐनको दफा २९ को उपदफा ४ बमोजिम हुनेछ।

**१९.उजुरी,गुनासो र पुनरावेदन :**

(१) तहबृधि/स्तरबृधि/बढुवाको निर्णय उपर चित नबुझेमा तहबृधि/स्तरबृधि/बढुवाको तह मिलन निर्णय भएको मितिले १५ दिन भित्र लोक सेवा आयोग समक्ष उजुरी,गुनासो र पुनरावेदन गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्रदेश लोक सेवा आयोगबाट प्राप्त राय प्रतिक्रिया वा निवेदन उपर भएको निर्णय गाउँपालिका र निवेदक दुवै पक्षलाई मान्य हुनेछ र उक्त राय प्रतिक्रिया वा निर्णयको कार्यान्वियन गर्नु गाउँपालिका र निवेदक दुबैको कर्तव्य हुनेछ।

**२०.जानकारी दिनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम गाउँपालिकाले गरेको तहबृधि/स्तरबृधि/बढुवाको जानकारी तहबृधि/स्तरबृधि/बढुवाको निर्णय भएको मितिले १५(पन्ध्र) दिन भित्रमा मन्त्रालय,प्रदेश लोक सेवा आयोग,प्रदेश निजामती किताबखाना,कर्मचारी संचयकोष,को.ले.नि.का. गाउँपालिका प्रशासन शाखा,गाउँपालिकाको आर्थिक प्रशासन शाखामा जानकारी गराउनु पर्नेछ।

(२) तह बृधि/स्तर बृधि/बढुवा भएका कर्मचारीहरुको विवरण गाउँपालिकाको वेवसाईटमा समेत प्रकाशन गर्न सक्नेछ।

CamScanner

**२१.सचिवालय :**

(१) तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धी सिफारिस समितिको सचिवालयको रुपमा गाउँपालिकाको प्रशासन शाखाले गर्नेछ ।

**२२.अभिलेख राख्ने सम्बन्धी व्यवस्था :**

यो कार्यविधि बमोजिम तह बृधि/स्तर बृधि/बढुवा हुने कर्मचारीहरुको अभिलेख गाउँपालिकाले दुरुस्त रुपमा राख्नु पर्नेछ साथै सरोकारवाला निकायहरुबाट माग भएको वखत तत्काल उपलब्ध गराउनु पर्नेछ ।

**२३.कार्यविधिमा संशोधन :**

यो कार्यविधि परिमार्जन गर्नु परेमा कार्यपालिकाले सम्बन्धित निकाय (प्रदेश लोक सेवा आयोग वा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) सँग आवश्यक परामर्श गरी संशोधन गर्न सक्नेछ ।

**२४.बाधा अड्काउ फुकाउन सक्ने :**

यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२५.प्रचलित कानुन बमोजिम हुने :**

यो कार्यविधि लेखिएको कुराको हकमा सोहि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हनेछ ।

अनुसूची-१
(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)
सूचना प्रकाशन
औरही गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
औरही,सिरहा

पत्र संख्या :-
चलानी नं.:-

मिति :-

**विषय :- तह बृधि/स्तर बृधि/बढुवाका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना।**

मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०८१ को दफा २९ को उपदफा १ र २ तथा कार्यविधिको दफा १२ बमोजिम तह बृधि/स्तर बृधि/बढुवाको लागि यस औरही गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत योग्यता पुगेका कर्मचारीहरुले स्तरबृधि/बढुवाको लागि निवेदन साथ देहायका सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयको कर्मचारी प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जनकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहाय :**

(क) कर्मचारी तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धी कार्यविधि २०८२ को अनुसूची -२ बमोजिमको निवेदन ,

(ख) स्थानीय स्वास्थ्य सेवा वाहेकको हकमा तह बृधि हुने तह भन्दा एक तह मुनिको पदमा तिन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र,समायोजन पत्र तथा सरुवा पत्र र रमाना पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि )।

(ग) पछिल्लो तीन आ.व.मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।

(घ) स्थानीय स्वास्थ्य सेवाको हकमा स्तर बृधि/बढुवा हुने तह भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र,समायोजन पत्र तथा सरुवा पत्र र रमाना पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि )।

**बोधार्थ :**
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,मधेश प्रदेश,जनकपुरधाम ,धनुषा।
श्री प्रदेश लोक सेवा आयोग,मधेश प्रदेश ,जनकपुरधाम,धनुषा।
श्री निजामती किताबखाना,हरिहर भवन ,ललितपुर।
श्री प्रदेश निजामती किताबखाना,मधेश प्रदेश,जनकपुरधाम,धनुषा।
श्री वडा कार्यालय सबै,औरही गाउँपालिका,औरही सिरहा।

CamScanner

## अनुसूची-२
**(दफा ७ को उपदफा १ सँग सम्बन्धित )**
**तहबृधि/स्तरबृधि/बढुवा आवेदन फारम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
औरही गाउँपालिका,औरही सिरहा |

मिति :

**विषय :- तह बृधि/स्तर बृधि/बढुवा गरि पाउँ।**

प्रस्तुत विषयमा यस औरही गाउँपालिकाको तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धी मिति .................गतेमा प्रकाशित भएको सूचना बमोजिम ..............सेवाको ............पदको ..............तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहायको पदमा तह बृधि/स्तर बृधि/बढुवा हुन योग्य रहेको हुँदा तोकिए बमोजिमका कागजातहरु संग्लन गरि यो निवेदन पेश गरेको छु |

**उम्मेदवारको विवरण :**

१.उम्मेदवारको नामथर (देवनागरीमा)
२.उम्मेदवारको नामथर (अंग्रेजी ठुलो अक्षरमा)
३.कर्मचारी संकेत नं.:-
४.ठेगाना :-
५.सम्पर्क नं.:-
६.बाजेको नाम :-
७.बाबुको नाम :-
८.आमाको नाम :-
९.शुरु नियुक्ति मिति :-
१०.हालको पद/तहको नियुक्ति मिति :-
११.हालको पद र तह :-
१२.सेवा/समुह/उपसमूह :-
१३.हालको कार्यरत कार्यालयको नाम :-
१४.स्तरबृधि/बढुवा हुन दावी गरिएको तह :-

**हाल कार्यरत पद सम्बन्धी विवरण :**

| सि.नं. | कार्यालयको नाम | सरुवा वा नियुक्ति वा वढुवा मिति | हाजिर भएको मिति | हासिल गरेको उच्चतम शैक्षिक योग्यता | हाल पदमा वहाल रहेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | औरही गाउँपालिका औरही सिरहा | | | | | |

दर्ता नं...............
दर्ता मिति :-...............

................
निवेदन
नाम,थर :-

## अनुसूची-३

**(दफा १३ को उपदफा (१)सँग सम्बन्धित)**

**तह बृधि/स्तर बृधि/बढुवा सम्बन्धी पत्र**

**औरही गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय,औरही सिरहा।

पत्र संख्या :- मिति :-

चलानी नं.:-

**विषय :-तह बृधि र पदनाम सम्बन्धमा।**

महाशय,

मधेश प्रदेशको स्थानीय गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१ को दफा ३ को उपदफा ४ र २९ को उपदफा १,२,४ र यस कार्यविधिको दफा १२ बमोजिम तथा औरही गाउँपालिकाको तह बृधि सिफारिस समितिको मिति ................गतेको निर्णयानुसार तह बृधिको लागि सबै योग्यता पुरा गरेको मितिबाट ज्येष्ठता कायम हुने गरी तपाईलाई मिति ...........गते देखि लागु हुने गरी देहाय बमोजिमको तह बृधि गरी पदनाम सहित पदस्थापन गरिएको छ।

***तह बृधि हुनु भएकोमा हार्दिक वधाई छ।***

| कर्मचारीको हालको विवरण | कर्मचारीको तह बृधि भएको विवरण |
|---|---|
| पद:- | पद:- |
| तह:- | तह:- |
| सेवा:- | सेवा:- |
| समुह:- | समुह:- |
| नियुक्ति मिति:- | ज्येष्ठता लागु हुने मिति:- |

**नाम थर :-**

**कर्मचारी संकेत नं.:-**

**बोधार्थ :**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार ,काठमान्डौ।

श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,मधेश प्रदेश,जनकपुरधाम,धनुषा।

श्री लोक सेवा आयोग केन्द्रिय कार्यालय,काठमाडौं।

श्री प्रदेश लोक सेवा आयोग,मधेश प्रदेश,जनकपुरधाम धनुषा।

श्री रास्ट्रिय किताबखाना (निजामती),हरिहर भवन ,ललितपुर।

श्री प्रदेश निजामती किताबखाना,मधेश प्रदेश,जनकपुरधाम,धनुषा।

श्री कर्मचारी संचयकोष,ठमेल,काठमाडौं।

श्री नागरिक लगानी कोष,नयाँ बानेस्वर,काठमाडौं।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,मधेश प्रदेश,जनकपुरधाम,धनुषा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,सिरहा।

श्री जिल्ला प्रशासन कार्यालय,सिरहा।

श्री आर्थिक प्रशासन शाखा, औरही गाउँपालिका।